# नवदुर्गा राजपत्र

## नवदुर्गा गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ९ संख्या ११ मिति २०८२ श्रावण २ गते**


## भाग १

## नवदुर्गा गाउँपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५ को दफा २४ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

संवत् २०८२ को ऐन नं ११

### व्यवसायीक फर्म तथा उद्योग दर्ता तथा नियमन ऐन, २०८२

**प्रस्तावना**ः नवदुर्गा गाउँपालिका क्षेत्रभित्र रहेका व्यापारीक फर्म तथा उद्योगको दर्ता, अनुमति नवीकरण, खारेजी अनुगमन र

नियमन, स्थानीय व्यापारको तथ्याङ्क अध्यावधिक गर्न तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ञ) ६ र उपदफा ५ को खण्ड (घ) ले प्रदान गरेको अधिकार कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम नवदुर्गा गाउँसभाले यो ऐन बनाई लागू गरेको छ।

## परिच्छेद -एक

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"व्यवसायीक फर्म तथा उद्योग दर्ता तथा नियमन ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "उद्योग" भन्नाले लघु घरेलु तथा साना उद्योग सम्झनुपर्दछ।

(ख) "कार्यालय" भन्नाले नवदुर्गा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ र सो शब्दले

गाउँपालिकाको मातहतमा रहेको वडा कार्यालयलाई समेत जनाउदछ।

(ग) "गाउँपालिका" भन्नाले नवदुर्गा गाउँपालिका सम्झनुपर्दछ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

## परिच्छेद -दुई

## उद्योग र व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी

३. **उद्योग, दर्ता गर्नुपर्ने**ः (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरिने अनुसूची-१ मा उल्लिखित उद्योग तथा व्यवसाय यस ऐन बमोजिम दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै उद्योग तथा व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची-२ मा उल्लिखित ढाँचामा देहायको विवरण खुल्ने गरी निवेदन पेश गर्नु पर्नेछः-

(क) व्यवसायको नाम र ठेगाना,

(ख) व्यवसायको प्रकृतिः उद्योग, व्यापार, सेवा,

(ग) कारोबार गर्ने मुख्य वस्तु र सेवा, लगानी,

(घ) व्यवसायीको नाम र ठेगाना,

(ङ) ब्यवसायीको नागरिकताको प्रतिलिपि,

(च) व्यवसाय रहने घरधनी/जग्गाधनीको नाम,

(छ) अन्य तोकिएका कागजातहरु

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले यस उपर आवश्यक जाँचबुझ गरी तोकिए बमोजिम लाग्ने दर्ता दस्तुरहरु लिई उद्योग तथा व्यवसाय दर्ता गरी अनुसूची -४ बमोजिमको व्यवसाय दर्ता किताबमा उल्लेख गरी निवेदकलाई अनुसूची -५ बमोजिमको ढाँचामा व्यवसाय दर्ता प्रमाण-पत्र उपलव्ध गराउँनु पर्नेछ।

(४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा वढी स्थानमा व्यवसाय संचालन र थप कारोबार गर्नु पर्ने भएमा शुरु दर्ता दस्तुरको ५० प्रतिशत तिरी मुख्य व्यवसायको शाखा व्यवसाय भनी दर्ता गराउनु पर्नेछ।

४. **<u>व्यवसायको नवीकरण गर्नुपर्नेः</u>** दफा ३ बमोजिम दर्ता भएको व्यवसाय प्रत्येक आर्थिक वर्ष समाप्त भएको

तीन महिना भित्र तोकिएको शुल्क तिरी नवीकरण गर्नु पर्नेछ।

५. <u>व्यवसाय दर्ता बन्द वा खारेज गर्न सकिने:</u> (१) यस ऐन बमोजिम व्यवसाय दर्ता भएपछि उक्त दर्ता खारेजी नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ।

(२) यस ऐन बमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा गाउँपालिकामा दर्ता भएको भए गाउँपालिकामा र अन्यत्र दर्ता भएको भए सम्बन्धित कार्यालयमा सोको मनासिब कारण खोली निवेदन दिनु पर्नेछ र गाउँपालिका भन्दा अन्यत्र दर्ता भएको व्यवसायको हकमा व्यवसाय बन्द भएको सूचना गाउँपालिकालाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि लागत कट्टा वापत लिईने तोकिएबमोजिमको सेवा शुल्क समेत असूल गरी लगत कट्टा गरिदिनु पर्नेछ।

(४) प्रचलित कानुन विपरित कारोबार गरेमा, पेशा व्यवसाय संचालन गरेमा वा कार्यालयले दिएको निर्देशन उलंघन गरेमा कार्यालयले बाँकी बक्यौता कर

तथा जरिवाना असुल गरी व्यवसायको दर्ता खारेज गर्नेछ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ।

(६) उपदफा (४) बमोजिम कार्यालयले व्यवसायको दर्ता खारेज गरेमा सम्वन्धित व्यवसायीको नाममा गाउँपालिकामा दुई वर्षसम्म कुनै पनि व्यवसाय दर्ता गरी संचालन गर्न रोक लगाउन सक्नेछ।

६. **साझेदार थपघट र ठाउँसारी गर्नु परेमा स्वीकृति लिनुपर्नेः** (१) एक व्यक्ति वा सो भन्दा वढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवदेन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी रु. एक हजार दस्तुर लिई माग बमोजिम साझेदार थप गरिदिनु पर्नेछ।

(३) गाउँपालिका क्षेत्रभित्र एक वडामा सञ्चालनमा रहेको पेशा व्यवसाय गाउँपालिको अर्को

वडामा ठाउँसारीको लागि सम्बन्धित वडाको सहमति सहित निवेदन परेमा कार्यालयले ठाउँसारी गरी सम्बन्धित वडा कार्यालयलाई पत्राचार गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम ठाँउसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो व्यवसायको लगत किताबमा ठाउँसारी जनाई लगत कट्टा गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम लगत खारेजको सिफारिस भएपछि तोकिएको समय भित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु व्यवसायीको कर्तव्य हुनेछ।

(६) उपदफा (३) बमोजिम ठाँउसारी गर्न चाहने व्यवसायीले ठाँउसारी भई जाने व्यवसाय रहने कार्यालयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचवुझ गरी तोकिएबमोजिमको दस्तुर लिई सो बेहोरा दर्ता प्रमाणपत्रमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ।

(७) यस उपदफा बमोजिम ठाउँसारी भई आउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित कार्यालयको हुनेछ।

## परिच्छेद -तीन

## उद्योग र व्यवसाय अनुमति र नियन्त्रण सम्बन्धी व्यवस्था

७. **विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्नेः** (१) दफा ३ बमोजिम दर्ता भएका व्यवसायको विवरण हेरफेर गर्नुपर्ने भएमा पन्ध दिनभित्र सोको लिखित निवेदन कार्यालयमा दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचवुझ गरी नियमानुसार लाग्ने दस्तुर लिई विवरण संशोधन गरिदिनु पर्नेछ र सो बेहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ।

(३) व्यवसायको प्रकृति वा सेवाको किसिम र व्यवसायको नाम परिवर्तन गर्नुपरेमा नयाँ व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुर सरह लाग्नेछ।

८. **व्यवसाय सञ्चालनको अनुमति लिनु पर्नेः** गाउँपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्वन्धित निकायवाट प्रचलित कानुन बमोजिम अनुमति लिनुपर्ने भएमा तत् निकायबाट समेत अनुमति लिई व्यवसाय संचालन गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ।

९. **नियन्त्रण गर्न सक्नेः** (१) यस ऐन बमोजिम सञ्चालन हुने व्यवसाय जुन स्थानमा सञ्चालनका लागि अनुमति

लिएको हो सोहि स्थानमा संञ्चालन गर्नु पर्नेछ र कुनै कारणबस व्यवसाय सञ्चालन गर्ने स्थान परिवर्तन गर्नु पर्ने भएमा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ।

(२) गाउँपालिकाले तोकिएको स्थान भन्दा अन्यन्त्र सञ्चालन भएका व्यवसायलाई रोक्न आदेश दिन सक्नेछ।

(३) गाउँपालिका भित्र हुने मेला, हाटबजार आदिमा मौसमी रुपमा व्यवसाय गर्ने व्यवसायीहरुलाई सेवाको गुणस्तर कायम गर्न गाउँपालिकाले निर्देशन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको निर्देशनको पालना र गाउँपालिकाको आर्थिक ऐनले निर्धारण गरेको बहाल बिरौटी कर तिर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ।

(५) गाउँपालिकाको सार्वजनिक शान्तिमा असर पुग्ने देखिएमा वा विपद् वा कुनै अन्य कारणले व्यवसाय सञ्चालन गर्न सुरक्षा खतरा उत्पन्न हुन सक्ने सम्भावना भएमा सार्वजनिक सूचना प्रकाशन गरी निश्चित समयका लागि व्यवसाय पूर्ण वा आंशिक रुपमा बन्द गर्न सक्छ।

## परिच्छेद -चार

## जरिवाना

१०. **<u>जरिवाना गर्न सक्नेः</u>** (१) कुनैपनि व्यवसायले देहायका कार्य गरेमा गाउँपालिकाले देहायको जरिवाना गर्न सक्नेछः

(क) गाउँपालिकामा व्यवसाय दर्ता नगरी संञ्चालन गरेमा,

(ख) तोकिएको समयमा नवीकरण नगरी व्यवसाय संञ्चालन गरेमा,

(ग) गाउँपालिकाले यस ऐन बमोजिम गरेको सूचनाको उलंघन गरेमा,

(घ) कुनै निकायबाट इजाजत लिई सञ्चालन गर्नु पर्ने व्यवसाय इजाजत नलिई सञ्चालन गरेमा,

(२) उपदफा (१) को खण्ड (क) बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय गाउँपालिका क्षेत्रभित्र संचालन गरेको पाईएमा कार्यालयले सम्बन्धित व्यवसायीलाई पन्ध्र दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि निर्देशन दिनेछ।

(३) उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिमको कार्य गरेमा वा उपदफा (२) बमोजिमको निर्देशनको पालना नगरेमा पहिलो पटक भए रु पाँच हजार र पटकै पिच्छे उक्त जरिवाना अंकमा ५० प्रतिसत थप जरिवाना लाग्नेछ।

(४) यस ऐनमा तोकिएको समयभित्र व्यवसाय नवीकरण नगराएमा ३ महिना भित्र नियमानुसार लाग्ने दस्तुरमा थप पचाँस प्रतिसत जरिवाना तिरी व्यवसाय नवीकरण गर्नुपर्नेछ।

(५) उपदफा (२) बमोजिम निर्देशन दिएको मितिले पन्ध्र दिनभित्र व्यवसाय दर्ता नगरेमा वा उपदफा (४) बमोजिम नविकरण नगराएमा गाउँपालिकाले नियमानूसार लाग्ने कर, जरिवाना र अन्य दस्तुर असुल उपर गरी व्यवसाय बन्द गर्न सक्नेछ।

११. **<u>कर छुट तथा मिन्हा दिन सकिने</u>**ः गाउँपालिका क्षेत्रमा व्यापार व्यवसाय दर्ता गर्न चाहने विपन्न महिला तथा अपाङ्गता भएका व्यक्तिलाई व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा पचास प्रतिशत छुट दिन सकिनेछ।

## परिच्छेद –पाँच

## <u>बिबिध</u>

१२. **<u>प्रतिलिपि दिने सक्नेः</u>** व्यवसाय दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नवीकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा कार्यालयले आवश्यक जांचवुझ गरी तोकिए बमोजिमको प्रतिलिपि दस्तुर लिई नयाँ प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ।

१३. **<u>व्यवसाय संचालन नभएको सिफारिस दिन सक्नेः</u>** प्रचालित कानुन बमोजिम दर्ता भएको व्यवसाय सञ्चालन नै नभएकोले सोको बेहोरा सम्बन्धित निकायमा सिफारिसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी बेहोरा प्रमाणित भएमा तोकिएबमोजिमको दस्तुर लिई माग बमोजिमको बेहोराको सिफारिस उपलब्ध गराउन सक्नेछ।

१४. **<u>कार्यालयले विवरण माग गर्न, निर्देशन दिन र अनुगमन गर्न सक्नेः</u>** (१) कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा वुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ। यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलको अनुगमन तथा जाँचबुझ गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(३) यस ऐन बमोजिम दर्ता भएका पेशा व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ।

१५. **वाधा अडकाउ फुकाउने अधिकार**ः यस ऐनको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

१६. **खारेजी तथा बचाउः** यो ऐन बन्नु भन्दा अगाडी गाउँपालिकावाट भए गरेका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

नवदुर्गा गाउँपालिका

## अनुसूची-१

*(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)*

**व्यवसायको विवरण**

| सि. नं | व्यवसाय | उद्योग |
|---|---|---|
| १. | सुन, चाँदी बिक्रेता | भिडियो क्यासेट रेकर्डर तथा प्लेयर उत्पादक /वितरक |
| २. | चुरोट, रक्सी | ब्यूटी पार्लर, केश श्रृङ्गार तथा सैलुन, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई सेवा |
| ३. | हलुका पेय पदार्थको थोक बिक्रेता | पेन्टिङ्ग सेवा |
| ४. | निर्माण सामाग्री | पुल हाउस |
| ५. | कम्प्यूटर र सो संग सम्बन्धित सामान विक्री तथा मर्मत सेवा | केवुल/ नेटवर्किङ्ग सेवा |
| ६. | विद्युत/सोलार विक्रेता | डेरी उद्योग |
| ७. | रेडियो, घडी, मोवाईल तथा अन्य विधुतीय सामान विक्री तथा मर्मत सेवा | चिस्यान केन्द्र |
| ८. | फर्निचरका सामान तथा कार्पेट विक्रेता | परामर्श सेवा |
| ९. | आयल निगमको डिलर भई पेट्रोलियम पदार्थ बिक्रेता | ढुवानी सेवा |
| १०. | ग्यास तथा मट्टितेल विक्रेता | उत्पादनमूलक उद्योग |

| सि. नं | व्यवसाय | उद्योग |
|---|---|---|
| ११. | टिभि फ्रिज जस्ता अन्य विद्युतीय सामान विक्रेता | फर्निचर उद्योग |
| १२. | खाद्यान्न किराना पसल | कृषि, पशुपंक्षी तथा वनजन्य उद्योग |
| १३. | फलफुल तथा तरकारी विक्रेता | खनिज उद्योग |
| १४. | स्वदेश तथा विदेशी कपडा, तयारी पोसाक र जुत्ता विक्रेता | पर्यटन उद्योग |
| १५. | मासु विक्रेता | क्रसर तथा बालुवा प्रशोधन उद्योग |
| १६. | खेलौना तथा उपहार (गिफ्ट) र कस्मेटिक विक्रेता | संचार सेवा |
| १७. | सिसा प्लाईउड विक्रेता | तालिम केन्द्र |
| १८. | भाँडाकुडा विक्रेता | मर्मत सम्भार/वर्कशप |
| १९. | बेकरी तथा कफी सप | पोल्ट्री, पशु फर्म |
| २०. | स्टिल तथा अन्य रेडिमेड फर्निचर विक्रेता | माछापालन |
| २१. | होटल, लज तथा रेष्टुरा | मौरी पालन |
| २२. | पत्रपत्रिका, स्टेशनरी तथा पुस्तक विक्रेता | मिल ( कुटानी पिसानी ) |
| २३. | वित्तीय सेवा | अन्य |
| २४. | मेडिकल | |
| २५. | कपडा, जुत्ता तथा फेन्सी पसल | |

| सि. नं | व्यवसाय | उद्योग |
|---|---|---|
| २६. | मेशिनरी पार्टपुर्जा पसल | |
| २७. | पान पसल | |
| २८. | मिठाई तथा चिया पसल | |
| २९. | एग्रोभेट | |
| ३०. | सप्लायस | |
| ३१. | रासायनिक मल, विषादी पसल तथा बिउ विजन विक्रेता | |
| ३२. | सुर्ति पसल थोक तथा खुद्रा विक्रेता | |
| ३३. | अन्य | |

नवदुर्गा गाउँपालिका

## अनुसूची-२

*(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)*

**उद्योग/व्यवसाय दर्ता/नवीकरण निवेदन फाराम**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नवदुर्गा गाउँपालिका, डडेल्धुरा

**विषयः उद्योग/व्यवसाय दर्ता /नवीकरण गर्न अनुमति पाउँ।**

मैले/हामीले निम्न स्थानमा ............................................... व्यवसाय दर्ता/नवीकरण गर्नु परेकोले नवदुर्गा गाउँपालिकाको उद्योग तथा व्यवसाय दर्ता ऐन, २०८२ को दफा ४ बमोजिम यो निवेदन दिएको छु/छौं।

उद्योग/व्यवसायीको बिवरण

| क्र. स. | व्यक्तिको नाम,थर | ठेगानाः | नागरिकता नं. | जारी जिल्ला र मिति | फो.नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**<u>व्यवसायको विवरणः</u>**

१. उद्योग/व्यवसायको नामः ......................................................

२. पूंजीगत लगानी (रु मा): ....................................................

३. उद्योग/व्यवसाय रहने स्थानः नवदुर्गा गाउँपालिका वडा नं.... टोल ....

४. उद्योग/व्यवसाय बहालमा रहेको भए घरधनीको नामः ................

५. कारोबार गर्ने वस्तु वा सेवाको विवरणः

मितिः ........................ निवेदकको दस्तखत

अनुसूची ३

*(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)*

**व्यवसाय दर्ता किताव**

| क्र.सं. | दर्ता मिति | व्यवसायको नाम ठेगाना | प्रोपोराईटको नाम, ठेगाना | व्यवसायको प्रकृति | | स्वामित्व | | पूँजि लगानी | दर्ता दस्तुर | रसिद नं. | दर्ता अधिकारीको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्योग | व्यापार | एकल | साझेदारी | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

नवदुर्गा गाउँपालिका

अनुसूची ४

*(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)*

**उद्योग/व्यवसाय दर्ता प्रमाण पत्र**

दर्ता मितिः

प्रमाणपत्र नंः

नवदुर्गा गाउँपालिकाको स्थानीय उद्योग तथा व्यवसाय दर्ता ऐन, २०८२ बमोजिम व्यवसाय प्रमाण-पत्र जारी गरिएको छ।

**व्यवसायको प्रकारः** एकल/साझेदारी

**व्यवसायीको विवरण**

| क्र. स. | व्यक्तिको नाम,थर | ठेगाना | नागरिकता नं | जारी जिल्ला र मिति | फो नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**व्यवसायको विवरणः**

१. व्यवसायको नामः ..............................................................

२. पूंजीगत लगानी (रु मा): ......................................................

३. व्यवसाय रहने स्थानः नवदुर्गा गाउँपालिका वडा नं......... टोल .......

४. व्यवसाय बहालमा रहेको भए घरधनीको नामः ........................

५. कारोबार गर्ने वस्तु वा सेवाको विवरणः

**शर्तहरु**



नवदुर्गा गाउँपालिका

१. प्रत्येक आ.व.को असोज मसान्तभित्र व्यवसाय नवीकरण गरी सक्नु पर्नेछ।

२. व्यवसाय गरी आएको स्थान बदल्नु परे गाउँपालिकाबाट पूर्व स्वीकृति लिनु पर्नेछ।

३. आफूले संचालन गरेको व्यवसाय बन्द गर्नु पर्दा वा छाड्न परेमा बाँकी कर तिरी व्यवसाय बन्द भएको जनाउपत्र लिनु पर्नेछ।

४. यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देख्ने गरी राखिनु पर्दछ र गाउँपालिकाको कर्मचारीहरुले हेर्न चाहेको बखत तुरुन्त देखाउनु पर्दछ।

५. आफुले संचालन गरेको व्यवसायमा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन।

६. आफुले संचालन गरेको व्यवसायको फोहरमैला तोकिएको स्थानमा राख्नु पर्नेछ।

७. कुनै निकायबाट इजाजतपत्र लिई सञ्चालन गर्नु पर्ने व्यवसाय भएमा सम्बन्धित निकायबाट इजाजत लिई तोकिएको समयमा इजाजत नविकरण गरेको र उक्त इजाजत पत्रमा कुनै शर्तहरुको पालना गर्नु पर्नेछ।

८. उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसकै बखत यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द गर्न सक्नेछ।

प्रमाणिकरण गर्नेः

**प्रमाण पत्रको पछाडीको भाग**

| मिति | नवीकरण गरेको अवधी | नवीकरण दस्तुर | रसिद नं. | हस्ताक्षर | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**आज्ञाले**

हर्ष बहादुर रोका

प्रमुख प्रशासकीय अधिकृत